सामाजिक सुरक्षा कोषबाट हाल सञ्चालनमा ल्याइएका योजनाहरुभित्र चरणबद्ध रुपमा औपचारिक क्षेत्र, अनौपचारिक क्षेत्र, देश भित्र स्वरोजगारीमा रहेका श्रमिक र वैदेशिक रोजगारी तथा स्वरोजगारीमा रहेका श्रमिकहरुलाई समेट्ने संवैधानिक र कानुनी मार्गदर्शन लागु हुँदै गएकोले परिणामस्वरूप सूचीकरण र योगदान रकम संकलनको कार्य निरन्तर चलिरहेको छ।

## १.सूचीकरण

वि. स.२०७५ मंसिर ११ गते देखि संगठित निजि क्षेत्रका प्रतिष्ठान र श्रमिकहरुलाई सामाजिक सुरक्षा कोषमा सूचिकृत गर्ने कार्य निरन्तर रुपमा अगाडी बढिरहेको सर्वविदितै छ | परिणामस्वरुप आ.व.२०८०/८१ को प्रथम त्रैमासिक सम्मको सूचीकरणको प्रगति विवरण निम्नानुसार रहेको छ |

| सूचीकरण | | आ.व.२०७८/७९ को अन्त्य सम्मको जम्मा प्रगति | आ.व.२०७९/८० को प्रथम त्रैमाषिक अवधिको जम्मा प्रगति | आ.व.२०८०/८१ को प्रथम त्रैमाषिक सम्मको जम्मा प्रगति |
|---|---|---|---|---|
| औपचारिक | रोजगारदाता (संख्या ) | १८०२२ | ३५१ | १८३७३ |
| | योगदानकर्ता (संख्या) | ४२४१२० | २९३८३ | ४५३५०३ |
| बैदेशिक रो/स्व | योगदानकर्ता (संख्या) | २२६१९० | १७०४२९ | ३९६६१९ |
| अनौपचारिक | योगदानकर्ता (संख्या) | ० | १ | १ |
| स्वरोजगार | योगदानकर्ता (संख्या) | ६ | २० | २६ |

## २.योगदान रकम संकलन

वि. स.२०७५ मंसिर ११ गते देखि संगठित निजि क्षेत्रका प्रतिष्ठान र श्रमिकहरुलाई सामाजिक सुरक्षा कोषमा सूचिकृत गर्ने र वि.स. २०७६ श्रावण ०१ देखि योगदान रकम संकलन गर्ने कार्य निरन्तर रुपमा अगाडी बढिरहेको सर्वविदितै छ | परिणामस्वरुप आ.व.२०८०/८१ को प्रथम त्रैमासिक सम्म योगदान रकम संकलनको प्रगति विवरण निम्नानुसार रहेको छ |

| रकम संकलन | आ.व.२०७८/७९ को अन्त्य सम्मको जम्मा प्रगति (करोडमा) | आ.व.२०७९/८० को प्रथम त्रैमाषिक अवधिको जम्मा प्रगति (करोडमा) | आ.व.२०८०/८१ को प्रथम त्रैमाषिक सम्मको जम्मा प्रगति (करोडमा) |
|---|---|---|---|
| औपचारिक | ३८१२ | ४१०.०२ | ४२२२.०२ |
| बैदेशिक रो/स्व | ४० | ३७.६७ | ७७.६७ |
| अनौपचारिक | ० | ०.०० | ० |
| स्वरोजगार | ० | ०.०१ | ०.०१ |
| जम्मा | ३८५२ | ४४७.७० | ४२९९.७० |

## ३.दावी भुक्तानी

सामाजिक सुरक्षा योजना कार्यविधि अनुसार सुविधा भुक्तानी लिन अनलाइनमार्फत भुक्तानीका लागि निवेदन दिनुपर्ने र हरेक सुरक्षा योजनाको भुक्तानीका लागि अलग अलग निवेदनका ढाँचा व्यवस्था गरिएको छ । औषधी उपचार वापतको रकम अस्पताललाई नै भुक्तानी दिइने र पेन्सन, प्रसुती विदा, शिशु स्याहारलगायतका सुविधा वापतको रकम योगदानकर्तालाई बैंक खातामार्फत भुक्तानी गरिने व्यवस्था छ । परिणामस्वरूप आ.व.२०८०/८१ को प्रथम त्रैमासिक अवधिसम्म गरिएका सम्पूर्ण दावी भुक्तानीको विवरण देहायबमोजिम रहेको छः

| विवरण | आ.व.२०७९/८० को अन्त्य सम्मको जम्मा प्रगति | | आ.व.२०८०/८१ को प्रथम त्रैमासिक अवधिको जम्मा प्रगति | | आ.व.२०८०/८१ को प्रथम त्रैमासिक सम्मको जम्मा प्रगति | |
|---|---|---|---|---|---|---|
| | दावी संख्या | दावी भुक्तानी रकम (करोडमा) | दावी संख्या | दावी भुक्तानी रकम (करोडमा) | दावी संख्या | दावी भुक्तानी रकम (करोडमा) |
| औषधी उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना | १३१५३४ | ७२.३२ | ३७५६५ | १२.१२ | १६९०९९ | ८४.४४ |
| दुर्घटना तथा अशक्तता सुरक्षा योजना | ३४८० | ८.५३ | ५८३ | १.२२ | ४०६३ | ९.७६ |
| आश्रित परिवार सुरक्षा योजना | १०४३० | १०.१२ | ११२० | १.२१ | ११५५० | ११.३३ |
| वृद्ध अवस्था सुरक्षा योजना | ६३२७५ | ५२९.९७ | ९०३७ | ९५.९३ | ७२३१२ | ६२५.९१ |
| जम्मा | २०८७१९ | ६२०.९५ | ४८३०५ | ११०.४८ | २५७०२४ | ७३१.४४ |

माथि उल्लेखित दावीहरूमध्ये सबैभन्दा धेरै दावी औषधि उपचार स्वास्थ्य तथा मातृत्व सुरक्षा योजनामा परेको देखिन्छ । त्यसैगरी, दोस्रो, तेस्रो र चौथोमा क्रमशः वृद्ध अवस्था सुरक्षा योजना, आश्रित परिवार सुरक्षा योजना र दुर्घटना तथा अशक्तता सुरक्षा योजनामा रहेका छन् ।

## ४. वार्षिक कार्यक्रमहरुको प्रथम त्रैमासिक भौतिक तथा वित्तीय प्रगति

| क्र. स. | कार्यक्रमहरु | वार्षिक लक्ष्य | | भौतिक प्रगति | | | वित्तीय प्रगति | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | वार्षिक लक्ष्य (संख्या) | वार्षिक बजेट (हजारमा) | प्र.त्रै (लक्ष्य) | प्र.त्रै (प्रगति) | प्र.त्रै. प्रगति (प्रतिशत) | प्र.त्रै लक्ष्य (हजारमा) | प्र.त्रै प्रगति (हजारमा) | प्र.त्रै. प्रगति (प्रतिशत) |
| १ | सामाजिक सुरक्षा सम्वन्धि जनचेतना अभिवृद्धिको लागि त्रिपक्षीय अन्तरकृया तथा गोष्ठी | २० | ३००० | ४ | १ | २५ | ७५० | ७ | ०.९३३ |
| २ | सामाजिक सुरक्षा दिवस (प्रचार प्रसार तथा सामग्री उत्पादन तथा प्रकाशन र वितरण) | ७ | १००० | | | | | | |
| ३ | प्रेस भेटघाट (प्रचार प्रसार तथा सामग्री उत्पादन तथा प्रकाशन र वितरण) | १२ | २५० | ३ | २ | ६७ | ६२.५ | | ० |
| ४ | सामाजिक सुरक्षा प्रचार सामग्री तयारी तथा छपाई(प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण) | ८ | ५००० | २ | १ | ५० | १२५० | | ० |
| ५ | सामाजिक सुरुक्षा सम्बन्धि कार्यक्रम निर्माण तथा टेली प्रसारण(प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण) | ८ | ३८०० | १ | २ | २०० | ९५० | | ० |
| ६ | सामाजिक सुरक्षा योजनाहरुको सम्बन्धमा स्थानीय स्तरका सरोकारवालाहरुलाई जानकारी उपलब्ध गराउन स्थानीय निकायका प्रतिनिधिहरुका लागि आवश्यक तालिम एवं अन्तरक्रिया एवम गोष्ठी(प्रशिक्षण) | २५ | २२०० | ३ | २ | ६७ | ५५० | ५१५ | ९३.६३ |
| ७ | केन्द्र तथा ७ प्रदेशमा प्रशिक्षक, प्रशिक्षण तालिम सञ्चालन(प्रशिक्षण) | ८ | ८०० | १ | | ० | २०० | | ० |
| ८ | विज्ञ एवं सरोकारवाला बीच छलफल तथा अन्तर्कृया कार्यक्रम(प्रशिक्षण) | १२ | १००० | ३ | १ | ३३ | २५० | ३३१ | १३२.२ |
| ९ | सामाजिक सुरक्षा योजना कार्यान्वयन अभियान कार्यक्रम | ७५ | ११४७५ | १५ | २१ | १४० | २८६९ | १०४० | ३६.२७ |
| १० | विश्वविद्यालय समन्वय र अनुसन्धान कार्यक्रम(प्रशिक्षण) | ६ | २५०० | १ | १ | १०० | ६२५ | | ० |
| ११ | सामाजिक सुरक्षा योजनागत सञ्चालन र कार्यबिधि निर्धारण(अन्य) | १२ | २२०० | ३ | १ | ३३ | ५५० | | ० |
| १२ | सामाजिक सुरक्षा योजना कार्यविधि कार्यन्वयनको अनुगमन मुल्याङ्कन | १२ | ३००० | ३ | २ | ६७ | ७५० | ४७.३ | ६.३०२ |
| | जम्मा | | ३६२२५ | ३९ | ३४ | ८७ | ९०५६ | १९४० | २१.४२ |

## ५. योगदानकर्ता सापटी

| योगदानकर्ता सापटी | आ.व.२०७९/८० को अन्त्य सम्मको जम्मा प्रगति | | आ.व.२०८०/८१ को प्रथम त्रैमासिक अवधिको जम्मा प्रगति | | आ.व.२०८०/८१ को प्रथम त्रैमासिक सम्मको जम्मा प्रगति | |
|---|---|---|---|---|---|---|
| | सापटी लिनेको संख्या | सापटी रकम | सापटी लिनेको संख्या | सापटी रकम | सापटी लिनेको संख्या | **सापटी रकम** |
| विशेष सापटी | ६२३१ | १०९०४९०५९४ | २९६६ | ५३१७२३९८८ | ९१९७ | १६२२२१४५८२ |
| घर सापटी | १४ | २०९६९३७५ | ३ | ६७९४००० | १७ | २७७६३३७५ |
| शैक्षिक सापटी | १ | ५६३००० | २ | १८००००० | ३ | २३६३००० |
| जम्मा | ६२४६ | १११२०२२९६९ | २९७१ | ५४०३१७९८८ | ९२१७ | १६५२३४०९५७ |

## ५. अन्य

- सूचीकरण, रोजगारदाता र योगदान कर्तालाई प्रमाणपत्र एवं परिचयपत्र उपलब्ध गराउने कार्य, कलसेन्टरका क्रियाकलापहरु प्रविधिमैत्री बनाउदै FACE LESS सेवा प्रवाहलाइ प्राथमिकतामा राखिएको छ |
- योगदानाकर्ताद्वारा हुने योगदान रकम संकलन Multibank-Multichannel collection API UPGRADE गरी संचालनमा ल्याइएको छ |
- सुविधा दावी भुक्तानी ONLINE गर्ने गरी औषधि उपचार स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना र दुर्घटना तथा अशक्तता सुरक्षा योजना अन्तर्गतका दावी (कोषसंग MOU गरिएका १६३ अस्पताल मध्ये) ६८ वटा अस्पतालबाट सेवा प्रवाह, दावी गर्ने र दावी भुक्तानी गर्ने कार्य निरन्तर भैरहेको छ र बाँकी (OFFLINE मार्फत गरिएका) तथा आश्रित परिवार सुरक्षा योजना र वृद्ध अवस्था सुरक्षा योजना अन्तर्गतका दावी पनि कोषले ONLINE मार्फत भुक्तानी गरिरहेको छ।